का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ फागुन २०७८,
बुधबार
16 February 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक ११, पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

## खोपमा गम्भीर लापरबाही !



कोरोना भाइरसविरुद्धको खोप अभियानमा गम्भीर लापरबाही भएको छानबीन समितिले निष्कर्ष निकालेको छ । २४ लाख खोप हराएको सार्वजनिक भएपछि मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाले ५ सदस्यीय छानबीन समिति बनाएका थिए । उक्त समितिले पैसा लिएर खोप लगाएको, खोपको उचित भण्डारण नगरेको लगायत कारणले धेरै खोप प्रयोग गर्न नमिल्ने अवस्थामा पुगेको रिपोर्ट तयार पारेको छ ।

– बाँकी पृष्ठ २ मा

## मन्त्री आले 'भाइरल'




पूर्ववर्ती सरकारका केही निर्णय उल्ट्याएर प्रशंसा बटुलेका पर्यटनमन्त्री प्रेम आलेले अपशब्द प्रयोग गरेको अडियो सार्वजनिक भएको छ । एक युवकसँग अश्लिल शब्द प्रयोग गरेको अडियो सार्वजनिक भएपछि मन्त्री आलेको चर्को आलोचना भएको छ ।

आफ्नोविरुद्ध सामाजिक सञ्जालमा जथाभावी लेखेको भन्दै मन्त्री आलेले ती युवकलाई चेतावनीयुक्त अभिव्यक्ति सार्वजनिक भएको छ । मन्त्री आलेका सचिवालयले भने बद्नाम गराउन तथ्यहीन आरोप लगाएको प्रष्टोक्ति दिएको छ । "जथाभावी लेखेपछि कुराकानी भयो । पछि त्यही अडियो लुकाउन भन्दै पैसाको बार्गेनिङ गरियो", मन्त्री आलेको सचिवालयले भनेको छ ।

मन्त्रीजस्तो पदमा रहेका आलेको अडियो सार्वजनिक भएपछि उनको दल नेकपा एकीकृत समाजवादीकै कार्यकर्ताहरुले समेत आलोचना गरेका छन् । गएको महिना मात्रै भौतिक पूर्वाधार

– बाँकी पृष्ठ २ मा

## डा.शर्माको निधन



नेपाली साहित्यमा झर्रो नेपालीपनको सुगन्ध पस्कने साहित्याकार डा. तारानाथ शर्माको निधन भएको छ । ८७ वर्षको उमेरमा शर्माको मंगलबार निधन भएको हो । इलामको सूर्योदयन नगरपालिका-९, बरबोटमा १९९१ असार ९ मा जन्मिएका डा.शर्मा मधुमेह र बिर्सने रोगबाट पीडित थिए ।

बहुआयामिक र निर्भिक साहित्यकारको परिचय बनाएका शर्माको निधनले नेपाली साहित्यमा अपुरणीय क्षति पुगेको वरिष्ठ साहित्यकारहरुको टिप्पणी छ । उनको 'बेलाइततिर बरालिँदा' ले २०२६ सालमा मदन पुरस्कार तथा 'सम र समका कृति' ले २०२९ सालमा साझा पुरस्कार पाएको थियो । २०२३ सालमा रत्नश्री स्वर्णपदक र २०३९ सालमा सर्वश्रेष्ठ पाठ्यपुस्तक लेखन पुरस्कार पाएका थिए । डा.शमाले कक्षा ८, ९ र १० को पाठ्यक्रममा 'महेन्द्रमाला' नेपाली पुस्तक लेखेका थिए ।

विस्तृत समाचार पृष्ठ १० मा...

एमसीसी सकस

# शंकासहित निर्णय अन्योल उस्तै

- आजै एमसीसी संसद्मा पेश गर्ने तयारी
- एमालेको गतिरोध कायमै रहने
- सभामुखले बोलाए कार्यव्यवस्था परामर्श बैठक

सरकारको नेतृत्व गरिरहेको दल नेपाली काँग्रेसले अमेरिकी सहयोग परियोजना एमसीसी अनुमोदन गर्ने पक्षमा निर्णय गरेको छ । तर बाँकी दलहरुले भने प्रष्ट निर्णय गरेका छैनन् ।



बानेश्वरस्थित संसद् भवनमा मंगलबार बसेको नेपाली काँग्रेस संसदीय दलको बैठकमा सांसदहरु । तस्वीरः रोशन सापकोटा



एमसीसी राष्ट्को हितमा छ । राष्ट्हित बिपरीत निर्णय गर्नुहुँदैन । अनुमोदन भएन भने चाहिँ अमेरिकासँगको सम्बन्ध बिग्रन्छ ।

**डा.रामशरण महत**
नेता, नेपाली काँग्रेस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ फागुन ।

सत्तारुढ दल नेपाली काँग्रेसले अमेरिकी सहयोग परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) अनुमोदनको पक्षमा उभिने निर्णय गरेको छ । नयाँ बानेश्वर स्थित संसद् भवनमा मंगलबार सकेको संसदीय दलको बैठकले एमसीसी संसदमा पेश गर्नुपर्ने र अनुमोदनको पक्षमा काँग्रेस उभिने निर्णय गरेको छ ।

केन्द्रीय समितिबाट भने एमसीसी अनुमोदन गर्ने निर्णय यसअघि नै गरिसकेको छ । केन्द्रीय कार्यसमितिबाट भएको निर्णय संसदीय दलबाट पनि अनुमोदन भएको छ । प्रतिनिधिसभामा नेपाली काँग्रेसको ६१ सांसद् छन् । संसदमा कुनैपनि प्रस्ताव पेश गर्न एक तिहाइ ६९ सांसद आवश्यक पर्छ । अर्थात् अरु दलको समर्थन नभए संसदमा एमसीसी पेश हुन सक्दैन ।

अघिल्लो सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले एमसीसी संसद सचिवालयमा दर्ता गराएका थिए । त्यसबेला तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को आन्तरिक मतभेदका कारण एमसीसी संसदमा पेश हुन सकेको थिएन । तर नेकपाको एकता प्रक्रिया नै भंग भयो । नेकपा माओवादी केन्द्रबाट सभामुख बनेका अग्निप्रसाद सापकोटाले अहिले पनि एमसीस अगाडि बढाएका छैनन् । काँग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा गठबन्धनको सरकारका प्रधानमन्त्री शेरबहादुर देउवा एमसीसी अनुमोदनकै पक्षमा छन् ।

तर माओवादी केन्द्र, एकीकृत समाजवादी र जनमोर्चा एमसीसी जस्ताको त्यस्तै अनुमोदन गराउन नहुने पक्षमा छन् । तर जसपामा भने मतभेद छ । सरकारले भने आजको प्रतिनिधिसभा बैठकमा एमसीसी पेश गर्ने तयारी गरेको छ । संसद्मा पेश हुने तयारी भएकै कारण काँग्रेसले एमसीसी अनुमोदनको पक्षमा उभिने निर्णय गरेको छ ।

माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाले भने मंगलबारसम्म कुनै निर्णय गरेको छैन । विपक्षी दल नेकपा एमालेको संसदीय दलको बैठक सोमबार बस्यो । तर एमसीसीबारे कुनै पनि निर्णय लिएन । "एमालेको माग पूरा नभएकाले हामी आन्दोलनमै छौं । संसद् चले न एमसीसीबारे निर्णय लिनु", प्रमुख सचेतक विशाल भट्टराई भन्छन् ।

एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमसीसी अनुमोदनकै पक्षमा उभिदै आएका छन् । तर एमसीसी संसद्मा अनुमोदनका निम्ति पेश गर्ने बेला भने अनिर्णयमा बसेका छन् । एमाले नेताहरुले भने उचित निर्णय हुने बताउँदै आएका छन् । काँग्रेसको निर्णयलाई सहयोग पुग्ने निर्णय भने लोसपाले गरेको छ ।

# 'सिन्डिकेट लागे व्यवसायीले आत्महत्यासम्म रोज्न सक्ने खतरा'

व्यवसायीविरुद्ध प्रहरी परिचालन हुँदैन, सिन्डिकेटको त्रास पनि नपाल्नुस् : महानिर्देशक पौडेल

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ फागुन

वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेलले सिन्डिकेटको उद्देश्यले म्यानपावर कम्पनीको वर्गीकरण नहुने आफुलाई विश्वास रहेको बताएका छन् । मंगलबार नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको स्वागत तथा शुभकामना ग्रहण गर्दै महानिर्देशक पौडेलले उक्त धारणा राखेका हुन् ।

स्वागत तथा शुभकामना मन्तव्य राख्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तथा एसोसिएसनका पूर्व अध्यक्ष विमल ढकालले चार वर्षदेखि मलेसियाको रोजगारी शुरू हुने आशामा बसेका व्यवसायी सिन्डिकेट लागे आत्महत्यासम्मको पीडादायी अवस्थामा पुग्ने अवस्था रहेको बताउँदै आफ्नो तर्फबाट सिन्डिकेट रोक्ने पहल गरिदिन महानिर्देशक पौडेलको ध्यानाकर्षण गराएका थिए ।

जवाफमा महानिर्देशक पौडेलले भने, 'मापदण्ड निर्धारणसम्बन्धी केही छलफलमा म पनि सहभागी थिएँ, तर मलाई सिन्डिकेटका लागि वर्गीकरणको मापदण्ड तयार पार्न थालेको जस्तो आभास भएन । यसपछि मन्त्रालयमा हुने छलफलमा सन्दर्भ अनुसार व्यवसायीहरूका जायज सरोकार राख्ने छु ।'

पूर्वअध्यक्ष ढकालले वैदेशिक रोजगारलाई सम्मानित गराउनुपर्ने भए पनि सरकारी नीतिले व्यवसाय नै छोड्नपर्ने अवस्था रहेको गुनासो गरे । सरकारले लागू गरेको फ्रि भिसा फ्रि टिकट कानूनीरूपमा मान्नुपर्ने भएपनि कार्यायन्वयन गर्न असम्भव रहेको भन्दै पूर्वअध्यक्ष ढकालले सार्क मुलुकको अभ्यास अनुसारको सेवाशुल्क लिन पाउने विषय नेपालमा पनि कार्यान्वियनमा लैजानु पर्ने माग राखे ।

एसोसिएसनका अध्यक्ष नरेन्द्र प्रसाद ढकालले आवश्यक पर्दा कार्यालय सहायकदेखि नेता र

– बाँकी पृष्ठ २ मा



वैदेशिक रोजगार विशेष

## डिएसपीको नेतृत्वमा विभागमा प्रहरी तैनाथ

**काठमाडौं/रासस–** वैदेशिक रोजगारमा हुने अनियमितता तथा ठगी नियन्त्रणका लागि वैदेशिक रोजगार विभागमा प्रहरी टोली परिचालन भएको छ । नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोबाट प्रहरी नायब उपरीक्षकको नेतृत्वमा सात सदस्यीय प्रहरी टाली पचािलन गरिएको ब्यूरोका प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले जानकारी दिए ।

उनका अनुसार मंगलबार बिहानैदेखि सादा पोशाकमा टोली परिचालन भएको छ । विभागसँगको समन्वयमा टोलीले काम गर्ने जनाइएको छ । केहीअघि भ्रमण भिसामा गएर मानिस ठगिएको गुनासो आएपछि गृह मन्त्रालयको समेत ध्यानाकर्षण भएको

– बाँकी पृष्ठ २ मा

# सर्त बढाउँदै आयोग

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३ फागुन ।

निर्वाचन आयोगले स्थानीय निर्वाचनबारे एकपछि अर्को सर्त बढाउँदै लगेको छ । आगामी ३० वैशाखमा सरकारले घोषणा गरेको स्थानीय चुनावबारे आयोगले सर्तहरु बढाएर लगेको हो । निर्वाचन आचारसंहिता तयार पार्ने क्रममा आयोगले स्थानीय तहका जनप्रतिनिधिबारे थप सर्त थप गरेको छ ।

मस्यौदाअनुसार, जनप्रतिनिधिहरुले फेरि उम्मेद्वार बन्न आफ्नो नाममा बेरोजु नरहेको स्वघोषणा गर्नुपर्नेछ । बेरोजु र पेश्की रहेका जनप्रतिनिधिहरुले फेरि उम्मेद्वार बन्न नपाउने आचार संहिता तयार पार्दै स्वघोषणाको प्रावधान थप गरेको हो । आयोगका यसअघिका सर्तहरुप्रति विरोध भइरहेका बेला नयाँ सर्त अगाडि सारेको हो ।

आयोगले जनप्रतिनिधिहरुले उम्मेद्वार बन्न पदबाट राजीनामा दिनुपर्ने सर्त आयोगले राखेपछि विरोध भइरहेको छ । उम्मेद्वार बन्न जनप्रतिनिधिहरुले राजीनामा दिदा समस्या आउने टिप्पणी भइरहेको छ । टिकट लिनकै निम्ति पदाधिकारीहरुले धमाधम राजीनामा दिएमा स्थानीय

> स्थानीय तहको निर्वाचनमा फेरि उम्मेद्वार बन्न आफ्नो नाममा बेरोजु रहन नहुने प्रावधान राखेको छ ।





सरकार जनप्रतिनिधिविहीन हुन सक्ने भन्दै प्रमुख दलका नेताहरुले नै आपत्ति प्रकट गरेका छन् । तर अहिलेका जनप्रतिनिधिहरुले राजीनामा नगरे अर्का प्रत्यासीले प्रतिश्पर्धा गर्न नसक्ने भन्दै आयोगले यस्तो प्रावधान राखेको हो ।

आयोगले साना दलहरुलाई कस्नेगरी अर्को संहिता समेत तयार पारेको छ । राष्ट्रिय दलहरु बाहेकले चुनाव चिन्ह नपाउने सर्त ल्याएपछि साना दलहरु रुष्ट बनेका छन् । मंगलबार आयोग अगाडि साना २४ दलले विरोध प्रदर्शन गरेका थिए । आयोगले नेकपा एमाले, नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी, जनता

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
४ फागुन २०७८, बुधबार
16 February 2022, Wednesday

# नेपालमा थपिए ६८० संक्रमित

**काठमाडौं/मस–** नेपालमा थप ६८० जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। गत २४ घण्टामा एन्टिजेन र पीसीआर प्रविधिबाट देशभर ७ हजार ९५ नमूनाको परीक्षण हुँदा मंगलबार ६८० जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जानकारी दिएको छ।

गत २४ घण्टामा ४ हजार २५६ जनाको पीसीआर र २ हजार ८३९ जनाको एन्टिजेन परीक्षण भएको मन्त्रालयले जानकारी दिएको छ। एन्टिजेन परीक्षणको तथ्याङ्कमा एसएमएस र ईमेलबाट प्राप्त नतिजाको विवरण समेत समावेश गरिएको छ। पीसीआर परीक्षणबाट ४९८ जनामा र एन्टिजेन परीक्षणबाट १८२ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जानकारी दिएको छ।




गत २४ घण्टाको अवधिमा देशका विभिन्न ठाउँमा गरी २ जना कोरोना संक्रमितको मृत्यु भएको छ। कोरोना संक्रमणबाट हालसम्म मृत्यु हुनेको संख्या ११ हजार ९०२ पुगेको छ। मन्त्रालयका अनुसार गत २४ घण्टाको अवधिमा देशभरका विभिन्न ठाउँमा गरी १ हजार ८३५ जना कोरोना भाइरसको संक्रमणबाट मुक्त भएका छन्। देशभर हाल १९ हजार ४०० जना सक्रिय संक्रमित रहेका मन्त्रालयले जानकारी दिएको छ।

यस्तै १० वर्ष मुनिका १६ बालबालिकामा कोरोना संक्रमण पुष्टि भएको छ भने ११ देखि २० वर्ष उमेर समूहका ३१ जना कोरोना संक्रमित थपिएका छन्। यस्तै काठमाडौं उपत्यकामा थप २०९ जना कोरोना संक्रमित थपिएका छन्। जसमध्ये काठमाडौंका १७१, ललितपुरका २४ र भक्तपुरका १५ जना संक्रमित रहेको मन्त्रालयले जनाएको छ।

र परिमार्जन गर्न नहुने तर्क गर्नु न्यायोचित नहुने भन्दै कामदारको एक महिनाको तलव बराबरको रकम सेवाशुल्क वापत लिन पाउने व्यवस्था गर्न जरुरी रहेको बताए।

एसोसिएसनका अर्का पूर्व अध्यक्ष प्रज्ञान न्यौपानेले वैदेशिक रोजगार व्यवसायीलाई अप्ठ्यारोमा पार्ने काम भए त्यसको सिधा असर कामदारमाथि पर्ने भन्दै वैदेशिक रोजगारीमा जाने कामदारको हितका लागि पनि ऐन कानून र नीति निर्णय व्यवहारिक बन्नुपर्ने माग गरे। वैदेशिक रोजगारमा ५० जना पठाउँदा जम्मा २ जनाको कारणले समस्या सिर्जना हुने तर ती दुई जनाको समस्यालाई लिएर व्यवसायीको काम नै रोक्ने अभ्यास पनि रहेको भन्दै उनले नवनियुक्त महानिर्देशकले त्यसमा ध्यान दिनुपर्ने बताए।

पूर्व अध्यक्ष न्यौपानेले साउदी अरबमा नेपाली सवारी चालक (लाइसेन्स) लाई मान्यता नदिने तर श्रम स्वीकृति लिँदा चालक प्रमाणपत्र बाध्यकारी बनाउने गर्दा नेपालीले साउदीमा रोजगारी गुमाएकोले व्यवहारिक उपाय खोज्न आग्रह गरे।

संघका पूर्व द्वितीय अध्यक्ष भुवन सिंह गुरूङले व्यवसायीले दश हजारमा कामदार पठाउन नसक्ने विषय पटकपटकको छलफलमा प्रष्ट भएको अवस्थामा युट्युवरलाई सँगै लिई अनुगमनमा जाने, तोकिएको काम र तलव पाएन भनी फर्केको अवस्थामा व्यवसायीलाई बद्नाम गर्ने जस्ता व्यवसायीको मानमर्दन गर्ने काम विभागबाट नहुनु पर्नेमा जोड दिए।

गुरूङले लामो समयको अन्तरालमा मलेसिया रोजगारी खुलेको तर दूतावासले जनशक्तिको अभावको कारण देखाएर ढिलाइ गर्ने अवस्था रहेको भन्दै वैदेशिक रोजगार बोर्डले खर्च व्यहोर्ने गरेर भएपनि नयाँ जनशक्तिको व्यवस्थापन गर्नुपर्ने माग गरे।

एसोसिएसनका पूर्व वरिष्ठ उपाध्यक्ष ऋषि शर्माले श्रम स्वीकृति लिएर गएका र ट्राभल एजेन्सीले पठाएका व्यक्तिको बारेमा विभाग स्पष्ट हुन जरुरी रहेको भन्दै वर्गीकरणको प्रावधान जरुरी नभएको धारणा राखे।

जवाफमा महानिर्देशक पौडेलले सोमबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तथा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको छुट्टाछुट्टै प्रतिनिधिमण्डलको स्वागत तथा शुभकामना ग्रहण गर्दै राखेका धारणा दोहोऱ्याए।

भिजिट भिसामा पठाउने जस्ता वैदेशिक रोजगार ऐन विपरीतका काममा संलग्न नहुन व्यवसायीलाई आग्रह गर्दै महानिर्देशक पौडेलले सुधारका लागि आफुले महानिर्देशकको तहबाट उच्चतम प्रयास गर्ने आश्वासन दिए। महानिर्देशक पौडेलले वैदेशिक रोजगार प्रशासनलाई पूर्णतः 'डिजिटल प्रविधिमा' लग्ने योजना रहेको बताए।

उनले भने, 'तपाईंहरूकाविरूद्ध प्रहरी परिचालन पनि हुँदैन, म कुनै पूर्वशर्त र योजनाले विभागमा आएको पनि होइन, तर प्रविधिका माध्यमबाट फेसलेस प्रशासन सञ्चालन गर्ने तयारी गरिसकेको छु।' प्रविधिको क्षेत्रमा धेरै विकास भएको अवस्थामा वैदेशिक रोजगार विभागका कामलाई त्यसबाट टाढा राखेर म्यानुअल अर्थात् फाईलबाट काम गर्न नसकिने दोहोऱ्याउँदै महानिर्देशक पौडेलले श्रम स्वीकृतिदेखि ईजाजतपत्र नवीकरण सबै काम अनलाइनमार्फत गरिने बताए।

कार्यक्रममा व्यवसायी राजकुमार कार्कीले अनुकरणीय काम गरेर विभाग र व्यवसायीको इज्जत अभिवृद्धि गर्न सुझाव दिए।

## डिएसपीको ...

थियो। यसलाईसमेत टोलीले निगरानी गर्नेछ।

टोलीलाई उजुरी लिने, अनुसन्धान गर्ने तथा पक्राउ गर्नेसम्मको अधिकार दिइएको छ। हाल टोली सादा पोशाकमा रहेको र आवश्यकतानुसार परिचालन हुने ब्यूरोले जनाएको छ। वैदेशिक रोजगार ऐनमा यससम्बन्धी उजुरी प्रहरीले लिनसक्ने व्यवस्था छ। सोही अनुसार गृह र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समन्वयमा ब्यूरोबाट प्रहरी टोली पठाइएको हो।

## मन्त्री....

मन्त्री रेणु यादवको अभिव्यक्ति विवादित बनेको थियो। रौतहटको गौर पुगेर २ माघमा मन्त्री यादवले फेरि 'राइस मिल' प्रकरण दोहोरिने चेतावनीयुक्त अभिव्यक्ति दिएकी थिइन्। २०६४ मा माओवादी र फोरमका कार्यकर्ताबीच गौरमा झडप भएको थियो। त्यसबेला २८ जना माओवादी कार्यकर्ताको हत्या भएको थियो।

## खोपमा...

यसैबीच विपक्षी दल नेकपा एमालेले भने मन्त्री खतिवडाको राजीनामा मागेको छ। स्वास्थ्य तथा जनसंख्या विभाग प्रमुख योगेश भट्टराईले बक्तव्य जारी गरी मन्त्री खतिवडाले झुटो दाबी गरेकाले मन्त्री पदमा रहिरहन नहुने तर्क गरेका छन्। "झुटो बोल्ने व्यक्ति नैतिक रुपमा मन्त्री पदमा रहन अनुचित हुने भएकाले तत्काल राजीनामा गर्न हाम्रो पार्टी माग गर्दछ", बक्तव्यमा उल्लेख छ। मन्त्री खतिवडाले अघिल्लो सरकारका पालामा आफूले पाँच हजार तिरेर कोरोनाविरुद्धको खोप लगाएको अभिव्यक्ति दिएपछि एमालेले बक्तव्य जारी गरेको हो।

## सर्त...

समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीले मात्रै साझा चुनाव चिन्ह पाउने सर्त राखेको छ। यदि यो सर्त नसच्चिने हो भने प्रतिनिधिसभामा एक-एक सिट जितेका दलहरुले पनि साझा चुनाव चिन्ह पाउने छैनन्। नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चाको एक/एक जना सांसद छन्। तर समानुपातिक प्रणालीमा तीन प्रतिशत कटाउन नसकेका कारणले यी दलहरुले राष्ट्रिय दलको मान्यता पाएका छैनन्। राजेन्द्र लिङदेन, प्रेम सुवाल र दुर्गा पौडेल संसदमा स्वतन्त्र सांसदको हैसियतमा छन्।

## सिन्डिकेट....

राष्ट्रपतिसम्मले वैदेशिक रोजगार व्यवसायीलाई सम्झने तर यस क्षेत्रमा वर्षौंदेखि रहेका समस्याको समाधान गर्न चासो नदेखाउने प्रवृत्तिले वैदेशिक रोजगार व्यवसायको सम्मान अभिवृद्धि हुन नसकेको बताए।

अध्यक्ष ढकालले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) मा हप्तैपिच्छे राष्ट्रिय दैनिक पत्रिकामा गरिएको डिमाण्ड विज्ञापनको अपलोड गर्नुपर्ने हालको बाध्यताको अन्त्य गरी एक पटक विज्ञापन भए दुई वर्षसम्म त्यसको अवधि रहने व्यवस्था गर्न माग गरे।

त्यसैगरी अध्यक्ष ढकालले विभागमा मंगलबारदेखि खडा गरिएको प्रहरी टोली वैदेशिक रोजगार व्यवसायीका कार्यालयमा पठाइए त्यो विभागको गम्भीर गल्ती हुने टिप्पणी गरे। सामाजिक प्रतिष्ठा, परिवार र व्यवसायलाई सँगसँगै अघि बढाएका व्यवसायीका कार्यालयमा हतियारधारी प्रहरी पठाउँदा परिस्थिति अनावश्यकरूपमा तनावग्रस्त समेत हुन सक्ने भन्दै अध्यक्ष ढकालले करोडौं धरौटी राखेर व्यवसाय गरेका व्यवसायीले कमजोरी गरेमा धरौटीबाट काटेर पीडितलाई क्षतिपूर्ति दिनसक्ने अवस्था रहँदारहँदै प्रहरी पठाउँदा राम्रो सन्देश नजाने बताए। उनले यस विषयमा महानिर्देशक गम्भीर हुनु आवश्यक रहेको बताए। उनले भने, 'व्यवसायी बद्नाम हुँदा विभागको महानिर्देशक र कर्मचारी पनि सँगसँगै बद्नाम हुनेछन्।'

अध्यक्ष ढकालले पनि फ्रि भिसा फ्रि टिकट निर्णय परीक्षणका लागि आएको भन्दै यसमा सुधार


# कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: QATAR MANPOWER SOLUTIONS COMPANY शहर: DOHA
पुर्व स्वीकृत मितिः २०७७/११/२३ चलानी नं.: ६०१५५१२८ LT. No.: 236746 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker (Female) | 0 | 30 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 10 | 0 | | 1500 | ४९,७१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ११ गते (23 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Mobhira Recruitment Consultancy services (P.) Ltd.
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६,
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com
श्रम इजाजत नं. १४६९/०७४/०७५


# Arun Rural Municipality

*Pyauli, Bhojpur, Nepal*

## Invitation for Bids

**Date of publication: 2078/11/04(16th February 2022)**

1. Arun Rural Municipality,Bhojpur invites electronic bids from eligible Nepalese bidders for ***Updrading of Pyauli-Charambi-Banchare Road*** as per details given below under National Competitive Bidding Procedures .

| S. N. | Name of project | Contract NO | Cost of Bid Document | Estimated Cost (With VAT) NRS | Bid Security Amount(NRS) |
|---|---|---|---|---|---|
| 1 | Updrading of Pyauli-Charambi-Banchare Road (C.H 13+000 to 17+000) | NCB/04/RW/ ARUN/078/079 | 3000/- | 69,22,000/- | 1,75,000/- |

**Name of the Bank** : **Century Commercial Bank Pyauli,Bhojpur**
Name of Office : **Arun Rural Municipality Office, Bhojpur**
Office code no : 07.801.03
Office Account no. : 1020000018 GE (For Bid Document)
Office Account no. : 1020000006 GE (For Bid Security)

2. Electronic bids must be submitted through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** before 12.00 Noon on 31th day (2078/12/04) (18th March 2022) ***from the publication of notice*** for both Bids received after this deadline will be rejected.
3. Pre-bid meeting shall be held at ***Office of*** Arun Rural Municipality, Pyauli, Bhojpur at 2078/11/25 (9th March 2022) for ***Contract No. NCB/04/RW/ARUN/078/079*** during office hour.
4. The bids for ***Contract No. NCB/04/RW/ARUN/078/079*** will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** on (2078/12/04) (18th March 2022) at the office of Arun Rural Municipality, Pyauli, Bhojpur. Online bids must be valid for a period of ***90 days for Contract No. NCB/04/RW/ARUN/078/079 and*** after bid opening and must be accompanied by bid security as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid. The scanned copy of the bid security should be uploaded in the e-GP System during bid submission.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Bidder may submit modification or withdrawal prior to the deadline presented for submission of bid through e-GP system by using the forms and instructions provided by the system . Once a Bid is withdrawn bidder will not be able to submit another bid response for the same bid.
7. Other mandatory information will be as per public procurement Act 2063 and (PPA) and public procurement Regulation 2064 (Amended)

**Chief Administrative Officer**


# कतारमा रोजगार

कम्पनी: BOLAR TRADING AND CONTRACTING शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/११/०३ चलानी नं.: ६०१७४५८० LT. No.: 257954

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mechanical Engineer General | 2 | 0 | | 4200 | १३९,१८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ११ गते (23 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Link International Placement Service Pvt.ltd.
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

# मलेसियामा रोजगार

कम्पनी : KONG HEONG YUEN GROUNDNUT FACTORY SDN BHD शहर: PERAK
पूर्व स्वीकृत मितिः २०७६/१२/०४ चलानी नं.: ६०१५३५६४ LT. No.: 235054 पून:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 6 | 0 | स. काममा दक्ष | 1200 | ३४,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी :STEELWAY HOT-DIP GALVANIZING SDN.BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७६/११/२२ चलानी नं.: ६०१५३०२४ LT. No.: 234239 पून:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1200 | ३४,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : ELTON MFG (M) SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७६/१२/०२ चलानी नं.: ६०१५३४७१ LT. No.: 234913 पून:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1200 | ३४,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ फागुन ११ गते (23 February 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.
हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ५५२३३६२, फ्याक्स: ५५४६६५१
E-mail: miles@wlink.com.np, Web: www.milestoneemployment.com
श्रम इजाजत नं ८१०/०६५/०६६


# HOSPITALITY & HOTEL MANAGEMENT COURSES


होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ। यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्। यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं।

Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.

Short Courses
- Interview Tips
- English Language
- Service Staff Training
- Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY






तालिमपछि रोजगारको ग्यारेन्टी

Best in the KTM VICTORIA INTERNATIONAL
VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

## राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम

# हजार बढी विद्यालय छनोट



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ फागुन

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा देशभरका चार हजार १ सय ५७ सार्वजनिक विद्यालय छनोटमा परेका छन् । सोमबार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलको अध्यक्षतामा बसेको बैठकले देशभरका चार हजार १ सय ५७ विद्यालय छनोट गरेको हो ।

जसमध्ये ४ कोठे भवन ९ सय ७६, दुई कोठे भवन ९ सय ६६, आइसीटी ल्याब व्यवस्थापन दुई हजार १ सय ६, प्राविधिक ल्याब ८८ र नयाँ प्राविधिक विद्यालय स्थापना २१ निर्माण गरिने भएको छ ।

शिक्षा विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलका अनुसार ४ कोठे भवन निर्माणका लागि प्रतिविद्यालय ३६ लाख, दुई कोठे भवन निर्माणका लागि १८ लाख, आइसीटी ल्याब व्यवस्थापनका लागि ६ लाख ५० हजार, नयाँ प्राविधिक धार सञ्चालनका लागि ल्याब व्यवस्थापन तथा शिक्षण सहयोग अनुदान २१ विद्यालयलाई ७० करोड ५९ लाख ६ हजार, गत आर्थिक वर्षमा ल्याब व्यवस्थापनका लागि छुट विद्यालयका लागि अनुदान १४ विद्यालयका लागि ३३ करोड ६० लाख र प्राविधिक धार सञ्चालित विद्यालयमा ल्याब सुदृढीकरण तथा स्तरनोन्नितका लागि अनुदान ८८ विद्यालयलाई ८८ करोड रकम छुट्याइएको छ ।

राष्ट्रपति शैक्षिक सुधारका लागि ७ अर्ब ८५ करोड ५१ लख रकम छुट्याएको छ । विद्यालय छनोट गरी बाँकी १ अर्ब ३८ करोड रकम बाँकी रहेका स्थानीय तहका विद्यालयमा छुट्याइने शिक्षामन्त्री पौडेलले बताए । 'देशभरका विद्यालयको भौतिक संरचना, आइसीटी व्यवस्थापन गर्ने अभियानमा छौं,' मन्त्री पौडेलले भने, 'निवेदन दिन बाँकी रहेका पालिकाहरुलाई सम्बोधन गर्छौं ।'

देशका ७ सय ३७ स्थानीय तहबाट १३ हजार ४ सय ७३ विद्यालयले प्रस्ताव पठाएका थिए । जसमा ७ हजार ९ सय ८६ विद्यालयले भवन निर्माण, ४ हजार २ सय ३५ विद्यालयले आइसीटी ल्याब, १ सय १७ विद्यालय नयाँ प्राविधिक धार, प्राविधिक विद्यालय ल्याब व्यवस्थापन १ सय ८८ र घेराबार खेलमैदानमा ९४७ विद्यालयले आवेदन दिएका थिए ।

**कुन प्रदेशलाई कति ?**

देशभर मध्ये प्रदेश एकमा सबैभन्दा धेरै विद्यालयका भवन निर्माण हुने भएका छन् । प्रदेशगत वितरणको विवरण अनुसार प्रदेश १ मा १ सय १९८ विद्यालयमा ४ कोठे भवन, १७९ विद्यालयमा दुई कोठे भवन, ३ सय ४९ विद्यालयमा आइसीटी व्यवस्थापन, २४ विद्यालयमा प्राविधिक ल्याब र नयाँ प्राविधिक विद्यालय स्थापनामा ७ विद्यालय छनोट भएका छन् । यस्तै, लुम्बिनी प्रदेशमा १ सय ९५ विद्यालयमा ४ कोठे भवन, १ सय ३७ विद्यालयलमा दुई कोठे भवन, आइसीटी ल्याब व्यवस्थापनमा २ सय ८१ विद्यालय, प्राविधिक ल्याब १८ विद्यालयमा र नयाँ प्राविधिक विद्यालय स्थापना ३ विद्यालय छनोट भएका हुन् ।

यस्तै, मधेश प्रदेशमा १८० विद्यालयमा ४ कोठे भवन, १ सय ९७ विद्यालयमा २ कोठे भवन, २सय ३५ विद्यालयमा आइसीटी ल्याब व्यवस्थापन, ५ विद्यालयमा प्राविधिक ल्याब र नयाँ प्राविधिक विद्यालय स्थापनामा ४ वटा विद्यालय छनोट भएका छन् । सुदुरपश्चिम प्रदेशमा १ सय ४१ विद्यालयमा ४ कोठे भवन, १ सय ७९ विद्यालयमा दुई कोठे भवन, २ सय ७० विद्यालयमा आइसीटी व्यवस्थापन, ८ विद्यालयमा प्राविधिक ल्याब र विद्यालयमा नयाँ प्राविधिकमा एक विद्यालय छनोट भएका छन् ।

भुकम्पबाट प्रभावित बागमति प्रदेशका जिल्लाहरुमा १४ जिल्लामा भवनका लागि बजेट नहालिएको शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक चुरामणि पौडेलले जानकारी दिए । चितवनबाहेकका १४ जिल्लामा र मदरसा, गुरुकुल र भुम्पबाट नबनेका विद्यालयमा ४ कोठे भवन २२ वटा, दुई कोठे भवन १२, आइसीटी ल्याब ४ सय ९१, प्राविधिक ल्याब १८ र नयाँ प्राविधिक विद्यालय स्थापना ४ छनोट भएका छन् ।

यस्तै, गण्डकीमा १ सय ३० विद्यालय ४ कोठे, १ सय २५ दुई कोठे, २ सय ५५ आइसीटी ल्याब, १३ प्राविधिक ल्याब छनोट भएका छन् । कर्णालीमा १ सय १० विद्यालयमा ४ कोठे भवन, १ सय ३८मा दुई कोठे भवन, २ सय २५ विद्यालयमा आइसीटी ल्याब, प्राविधिक ल्याब २ र नयाँ प्राविधिक विद्यालय स्थापना २ छनोट भएका छन् ।

# विदेशी सहयोग ल्याउन कडाइ गर्नुपर्छ : अध्यक्ष तिमिल्सिना



**काठमाडौं/मस-** राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले नेपालमा विदेशी सहयोग ल्याउने कुरामा कडाइ गरिनुपर्ने बताएका छन् । विधायन व्यवस्थापन समितिको मंगलबारको बैठकमा अध्यक्ष तिमिल्सिनाले नेपालमा विदेशी संघ-संस्था तथा सरकारबाट लिइने सहयोगमा कडाइ गरिनुपर्ने बताएका हुन् । यद्यपि विदेशी सहयोग लिँदै लिन्नँ भनेर बढी क्रान्तिकारी हुनु नहुने पनि उनले बताए । सहयोगको बहानामा हस्तक्षेप गर्ने र नेपालीलाई आफैंले चलाउने प्रकारको सहयोग भने लिनु नहुने भन्दै उनले यस्ता प्रकारका कुरामा पहिले नै स्पष्ट हुनुपर्ने उल्लेख गरे । आफूखुसी सहयोग लिने प्रवृत्तिको अन्त्य गर्नुपर्ने उनले बताए ।

अध्यक्ष तिमिल्सिनाले संसदीय समितिले कानुन निर्माणलगायत जनहितका लागि उत्साह, परिश्रम र मिहिनेतका साथ काम गरिरहेको बताए । समितिबाट भए गरेका कामको प्रगति र अभ्यासको जानकारी लिएपछि उनले राष्ट्रियसभा मातहतका समितिले घनिभूत र गुणात्मक ढङ्गबाट कानुन निर्माण गरिरहेको उल्लेख गरे ।

उनले भने, 'दलहरुबीच विवादित भएका कतिपय विषय समितिले सहमतिमा टुङ्ग्याउन सफल भएको छ, यस समितिले छलफल गरी टुंग्याएका कतिपय विषय राजनीतिक दलले चालु अधिवेशनमै प्रस्तुत गर्ने वातावरण बनाइदिएमा निकै राम्रो हुन्थ्यो ।'

राष्ट्रियसभाले २०७५ सालमै पारित गरेर पठाएका कतिपय विधेयक प्रतिनिधिसभामा अझैसम्म अड्किरहेको घटना सुनाउँदै उनले अर्को हाउसले समयमा पास गरेन भने त्यसको दोषी को हुने भनी भनी जिज्ञासा राखे ।

विधायन समितिका सभापति परशुराम मेघी गुरुङले चार वर्षको अवधिमा समितिको ६७१ भन्दा बढी बैठक बसेर सहमतिका कैयौं महत्वपूर्ण विधेयक अघि बढाएको जानकारी गराए । प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण विडारीले सरकार, राजनीतिक दल र कर्मचारीतन्त्रमा रहेको परम्परागत शैलीले कानुन निर्माणमा गुणात्मक परिवर्तन गर्न नसकिएको विचार प्रकट गरे ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले कानुन निर्माणमा तोकिएबमोजिम भन्नेजस्ता प्रावधान हटाउने समितिको अभियानप्रति आफूहरु पूर्णरुपमा सचेत रहेको जानकारी दिए ।

अध्यक्ष तिमिल्सिना संसदीय समितिका काम कारबाहीलाई प्रभावकारी तुल्याउन र सदस्यलाई प्रोत्साहन गर्न समितिका बैठकमा सहभागी हुने अभ्यासको थालनी गरेका हुन् ।

# सडकमा संसद बनाएर सभामुखको विरोध

**काठमाडौं/मस-** नेकपा एमाले निकट युवा संघले मंगलबार काठमाडौंस्थित बानेश्वरको सडकमा सडक सदन चलायो । प्रतिनिधिसाका सभामुख अग्नि सापकोटाले एमाले फुटाउन सहयोग गरेको आरोप लगाउँदै लगातार संसद बैठक अवरोध गर्दै आएको एमालेको भ्रातृ संगठन युवा संघले सडकमा आयोजना गरेको व्यंग्यात्मक सडक सदनमा पनि सभामुखविरुद्ध नाराबाजी भयो । युवा संघका केही कार्यकर्ता सत्तापक्ष बने, केही प्रतिपक्षी । एक जना सभामुख पनि बने । सदन सुरु भएपछि प्रतिपक्षीमा रहेका युवा संघका कार्यकर्ताले नाराबाजी गरे ।

नेकपा एमालेले कारबाही गरेका १४ जना सांसदबारे सूचना नटाँसेको भन्दै सभामुख अग्निप्रसाद सापकोटाको विरोधमा युवा संघले विरोध जनाएको छ । राष्ट्रिय युवा संघका अध्यक्ष किरण पौडेलले देउवा नेतृत्वको पाँच दलीय गठबन्धन गरेकाले गरेका राष्ट्रघाती कदमको विरोधमा संघले निरन्तर आन्दोलन गर्दै आएको बताए । उनले गठबन्धन सरकारले १४ जना सांसद पद जोगाउन तथा सभामुखको पद जोगाउनको लागि प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरामाथि महाअभियोगलगाएकालेसडकमाआउनु परेको बताए ।

सरकारले सत्ता गठबन्धन टिकाउनको लागि देशको विधि प्रक्रिया, पद्धति प्रणालीको विरुद्धमा धावा बोल्ने र नेपाललाई सधैं आफ्नो स्वार्थको बन्धक बनाउने प्रयासको विरुद्ध युवा संघ सडक आएको पनि पौडेलले बताए ।

# मुख्यमन्त्री राउतले सुनाए मधेश प्रदेशका चार वर्षका उपलब्धि

**जनकपुर/मस-** स्थिरता कायम गर्न नसकेको र पारदर्शी बन्न नसकेको आरोप खेप्दै आएका मधेश प्रदेश सरकारका मुख्यमन्त्री लालबहादुर राउतले आफ्नो चार वर्षे कार्यकालका उपलब्धी सार्वजनिक गरेका छन् । उता विपक्षी दलका नेताले भने राउत सरकार असफल भएको आरोप लगाएका छन् ।

मंगलबार मधेश प्रदेशको राजधानी जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री लालबाबु राउतले चार वर्षे उपलब्धि सार्वजनिक गरेका हुन् । मुख्यमन्त्री राउतले चार वर्षमा प्रदेशसभाबाट ४३ वटा कानून र प्रदेशको नामकरण तथा स्थायी राजधानी पारित गर्न सक्नु मुख्य उपलब्धि रहेको बताए । मुख्य मन्त्री राउतले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी तथा भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ लगायतका वैदेशिक उच्च स्तरका भ्रमणलाई उपलब्धि मानेका छन् ।

कर्मचारी अभाव र संघीय सरकारको असहयोगका कारण प्रभावकारी रुपमा काम गर्न नसकेको भन्दै राउतले बेटी पढाउ, बेटी बचाउ अभियान, शहिदको सम्मान, किसानलाई अनुदान दिने जस्ता दर्जनौं काम गरेको फेहरिस्त सुनाएका थिए ।

चार वर्षका अवधिमा ४४ विधेयेक प्रदेशसभाबाट पारित गराइ ऐन, कानुन र निर्देशिका बनाउने कार्य भइरहेको उनले बताए । प्रदेश सरकारले 'बेटी पढाउँ बेटी बचाउँ', छोरी बीमा कार्यक्रमलाई पुनः छिट्टै सञ्चालन गर्ने तयारी भइरहेको र यसवर्ष छोरीहरुलाई ल्यापटप बाँड्ने योजनासमेत रहेको जानकारी दिनुहुँदै मुख्यमन्त्री राउतले यस कार्यक्रमबाट विभेद अन्त्य हुने र शिक्षामा छोरीको आकर्षण बढ्ने विश्वास व्यक्त गरे । दलित तथा उत्पीडित वर्गको राज्यका हरेक अङगमा पहुँच पुऱ्याउने उद्देश्यले दलित सशक्तिकरण ऐन बनाइ दलित विकास समितिसमेत गठन गरिएको उल्लेख गर्दै उनले उत्पीडित वर्गको राज्यमा पहुँच नभएसम्म प्रदेश समृद्ध हुन नसक्ने भएकाले दलित सशक्तिकरण ऐन ल्याएको बताए ।

मुख्यमन्त्री राउतले जनसङ्ख्याका आधारमा महिलाको प्रतिनिधित्वका लागि राज्यको हरेक अङ्गमा आरक्षणको व्यवस्था गरिएकाले अबको केही वर्षभित्र प्रदेशका सबै अंगमा महिलाको प्रतिनिधित्व बढ्ने दाबी गरे । उनले भने, 'प्रदेशमा सुशासन कायम गर्न जनलोकपाल गठन भइसकेको , शिक्षा, स्वास्थ्य क्षेत्रको विकासलाई उच्च प्राथमिता दिइएको र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्वास्थ्यसम्बन्धी शैक्षिक कार्यक्रमलाई अघि बढाइसकेको, प्रदेश प्राविधिक विश्वविद्यालय र कृषि विश्वविद्यालयले पनि छिट्टै कार्यक्रम अघि बढाउने छ ।'

उनले नीति तथा योजना आयोग गठन गरी आवश्यक काम भएको जानकारी दिँदै प्रदेश लोकसेवा आयोगले कर्मचारी भर्नाको काम अघि बढाउन नसकेको कुरालाई प्रदेश सरकारले गम्भीर रुपमा लिएको बताए ।


### कम्पनीको नाम परिवर्तन भएको सूचना

तेस्रो पटक प्रकाशित मितिः २०७८/११/०४

यस कम्पनीको मिति २०७८/०३/२३ मा सम्पन्न बिशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनी पावर माइन्डस ट्रैनिङ्ग एन्ड इभेन्ट म्यानेजमेन्ट प्रा.लि. (प्रा.लि.नं. : २३१७६९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/२० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **पावर माईण्ड्स प्रा.लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### बीमालेख हरायो

मिति २०७८/१०/२५ गते कावासोती बाट चितवन आउँदा मेरो नेपाल लाईफ इन्योरेन्स कम्पनी लि. को निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिक को प्रहरी कार्यालय मा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

**नामः सज्जा शर्मा**
**बीमालेख नं.: 132002140**
**ठेगानाः खैरहनी-५, चितवन**
**सम्पर्क नं.: ९८४५९१५११४**

### नेपाल सरकार
### उद्योग मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६०।०४।१६ मा दर्ता भएको दर्ता नं. २४७००/०६०/०६१ को होटल ध्रुबतारा प्रा. लि. नामक कम्पनी यस कार्यालयको मिति २०७८।११।०३ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### मोटरसाइकल हराएको सूचना

मिति २०७८/१०/१८ गते रातीको ८ बजे गुण्स्तर पछि तोरी मिलबाट पार्किङ गरेर राखेको ठाउँबाट बा. प्र. ०२-१८ प ५५६१ नंम्बरको रातो रंगको १२५ सि.सि TVS स्कुटर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभाबहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सुवारी धनीः रेणु पुलामी**
**ठेगाना : धनकुटा**
**च्यासिस नं:** MD626AG78L2K02960
**इन्जीन नं :** BG7KL2501658
**सम्पर्क :** 9813136409

### सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/११/०४**

यस सा.व.स. बाट संकलित खयर प्रजातिको काठ ११६० क्युफिट बिक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**जनसेवा रानी सामुदायिक वन उपभोक्ता समूह, हलेसी तुवाचुङ- ५ दुर्छिम, खोटाङ**

### कम्पनीका नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/११/०४**

**जय माता पाथिभरा फिड्स एण्ड फुड प्रा.लि., अनारमुनी ०१, झापाको** मिति २०७८/११/०१ मा बसेको विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नाम **सेभेन सिज इन्भेष्टमेन्ट प्रा.लि. (प्रा.लि.नं.७६५०५) का.म.न.पा. ३२ काठमाडौंले** सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्टारको कार्यालयबाट समेत मिति २०७८/११/०३ गते स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### चौरजहारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

**चौरजहारी, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०७८।११।०४)**

यस कार्यालयबाट मिति २०७८।०९।२७ गते प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको अवधिभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्यांकन समितिबाट मूल्याङ्कन भई तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कनको आधार मा सारभूतरुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| 1 | CJM/GOODS/NCB/01/078/079 | Supply, Delivery of HDPE Pipe for Chaurjahari Municipality, Rukum (West). | Sabina Construction & Khatri Suppliers, Jajarkot | NRs. 39,81,286.06 |

**गोकुल ढुङ्गेल**
**प्रमुख प्रशासकिय अधिकृत**

HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोटः
६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

मध्यान्ह
www.madhyanhadaily.com
४ फागुन २०७८, बुधबार
16 February 2022, Wednesday

## सम्पादकीय

# नैतिकताको खडेरी

पूर्ववर्ती सरकारले गरेका केही निर्णय उल्ट्याएर प्रशंसा कमाएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम आले आलोचित बन्न पुगेका छन् । आपत्तिजनक शब्द सहितको सम्वाद सार्वजनिक भएपछि मन्त्री आलेको चर्को आलोचना भइरहेको छ । आफ्नो विरूद्धमा सामाजिक सञ्जालमा जथाभावी लेखेको भन्दै मन्त्री आलेले एक नागरिकसँग गरेका टेलिफोन वार्तामा अपाच्य शब्द प्रयोग गरेका थिए । मन्त्री आलेको अडियो सार्वजनिक भएपछि उनकै दल नेकपा एकीकृत समाजवादीका नेता–कार्यकर्ताले समेत आलोचना गरेका छन् । मन्त्री आलेको सचिवालयले भने ती व्यक्तिले गरेको आर्थिक प्रस्ताव पूरा नभएपछि अडियो सार्वजनिक गरेको प्रष्टोक्ति दिएको छ । तर अभिव्यक्तिकै कारण आलोचनामा पर्ने मन्त्री पछिल्ला पात्र मात्रै हुन् ।

मन्त्री आलेकै रहकै मन्त्रिपरिषदका अर्का मन्त्री रेणु यादवको अभिव्यक्ति समेत विवादित बनेको थियो । एक महिना अगाडि (२ माघमा) रौतहट पुगेर भौतिक पूर्वाधार मन्त्री यादवले 'राइस मिल' प्रकरण दोहोरिने अभिव्यक्ति दिएकी थिइन् । २०६४ मा रौतहटको गौरमा माओवादी कार्यकर्ता र मधेशी जनाधिकार फोरमका कार्यकर्ताबीच झडप हुँदा २८ जनाको मृत्यु भएको थियो । मधेश आन्दोलनबाट राजनीतिक दलको हैसियत बनाएको फोरमका कार्यकर्ताले माओवादीका कार्यकर्ताको हत्या गरेका थिए । फेरि त्यस्तै घटना दोहोरिन सक्ने मन्त्री यादवले अभिव्यक्ति दिएका थिए । तर मन्त्रीहरू यादव र आलेबारे थप कुनै निर्णय भएको छैन । केपी शर्मा ओली नेतृत्वको सरकारका मन्त्रीहरू पनि अभिव्यक्तिकै कारण पदमुक्त हुन पुगेका थिए ।

७० करोड कमिसनको बार्गेनिङ गरेको अडियो सार्वजनिक भएपछि तत्कालीन सञ्चार मन्त्री गोकुल बाँस्कोटा पदमुक्त भएका थिए । त्यसअघि सार्वजनिक अभिव्यक्तिकै कारण कानून मन्त्रीबाट शेरबहादुर तामाङले राजीनामा दिएका थिए । आले, यादव, बाँस्कोटा र तामाङ पछिल्ला उदाहरण हुन्, जसको अभिव्यक्ति विवादित बनेका छन् । यी सबै जनाले मन्त्रीका रूपमा दिएको अभिव्यक्ति थियो । अर्थात् मन्त्री पदमा रहेकै कारणले यी अभिव्यक्तिहरू सार्वजनिक भएका हुन् । यस्ता समस्या अन्य क्षेत्र र उच्च पदमा रहेकाहरूमा समेत छैन भन्ने सकिन्न । जबकी सामाजिक मर्यादा र उच्च नैतिक संस्कार देखाउनुपर्ने भनेको नेतृत्वबाटै हो । तर लगातार सार्वजनिक भइरहेका यस्ता तथ्यहरूले नेतृत्वमा मर्यादा र नैतिकताको खडेरी रहेको पुष्टि हुन्छ ।

# एमसीसीविरुद्ध उठ्नुपर्छ अर्को आन्दोलन

**जनमतमा यति ठूलो विभाजन इतिहासमा कहिल्यै भएको थिएन । आज एमसीसीको कारण कुनै पार्टी सग्लो रहने अवस्था छैन । एमसीसी अगाडि बढाउन खोज्ने कांग्रेसभित्र पनि पक्ष र विपक्षमा विभाजन छ । विशेषगरी तल्लो तहका कार्यकर्ता एमसीसीको विपक्षमा छन् ।**

अग्रलेख



● विष्णु पन्त

### राष्ट्रघातमा कांग्रेस नेतृत्व

नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले नेपाली कांग्रेसको विषयमा गरिएको एउटा संश्लेषण अत्यन्त सही छ । विप्लवको प्रश्न छ - गम्भीर राष्ट्रघाती सन्धी सम्झौतालाई संसदबाट अनुमोदन गराउने विषयलाई नेपाली कांग्रेसकै नेतृत्व किन ? विप्लवको सुझाब छ - नेपाली कांग्रेसले आफ्नो इतिहासको समिक्षा गर्नुपर्दछ । एमसीसी पनि जबरजस्ती संसदबाट पारित गर्ने दुश्शाहस शेरबहादुर देउवा नेतृत्वको सरकारले गर्नु हुँदैन । यदि पारित गरियो भने एमसीसी विरोधी राष्ट्रवादी गठबन्धन बनाएर आन्दोलनमा जाने शाहस गर्नुपर्दछ । संसदमा रहेका माओवादी केन्द्र र एकीकृत समाजवादी यदि वास्तवमै राष्ट्रियताको पक्षमा उभिन खोजेको हो भने नयाँ राष्ट्रवादी गठबन्धनका लागि तयार हुनुपर्दछ । यदि बृहत राष्ट्रवादी गठबन्धन बनाउन सकिएमा हुनसक्छ, एमसीसीको पक्षमा मतदान गर्ने सांसदहरुलाई देश निकाला गर्न सकियोस् । सबैलाई थाहा छ, नेपाली कांग्रेस एमसीसीको पक्षमा उभिएको छ तर, त्यहाँभित्रको राष्ट्रवादी शक्तिले विद्रोह गर्नसक्ने वातावरण बनाईदिनुपर्छ ।

नेता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड'को गरेको संश्लेषण सही देखिन्छ - एमसीसी सम्झौता इतिहासकै सबैभन्दा ठूलो राष्ट्रघात बन्यो । किनकी एमसीसीको माध्यमबाट देशै रहने वा नरहने प्रश्न उब्जीयो । देशलाई चीनविरुद्ध अमेरिकी युद्धको तयारी गर्ने हतियार भण्डारको भूमि बनाउने षडयन्त्रलाई टुलुटुलु हेरेर बस्नु महाभूल हुनेछ । चीन र अमेरिकाबीचको युद्धभूमि नेपाललाई बनाउने षडयन्त्र हामीलाई स्वीकार्य छैन । समय यस्तो आएको छ कि सबै राष्ट्रवादी शक्तिहरु एक ठाउँमा उभिनु अपरीहार्य बनेको छ ।



